# भाग ३

## नेपाल सरकार

## भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको

## सूचना

**झापा जिल्ला, गौरादह नगरपालिका वडा नं. ४ र ५ अन्तर्गतको जग्गा दर्ता सम्बन्धी (दोस्रो संशोधन), आदेश, २०८२**

झापा जिल्ला, गौरादह नगरपालिका वडा नं. ४ र ५ अन्तर्गतको जग्गा दर्ता सम्बन्धी आदेश, २०८१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

जग्गा (नाप जाँच) ऐन,२०१९ को दफा ११ख. ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस आदेशको नाम "झापा जिल्ला, गौरादह नगरपालिका वडा नं. ४ र ५ अन्तर्गतको जग्गा दर्ता सम्बन्धी (दोस्रो संशोधन) आदेश, २०८२" रहेको छ।

(२) यो आदेश तुरून्त प्रारम्भ हुनेछ।

२. **झापा जिल्ला, गौरादह नगरपालिका वडा नं. ४ र ५ अन्तर्गतको जग्गा दर्ता सम्बन्धी आदेश, २०८१ को दफा ४ मा संशोधन** : झापा जिल्ला, गौरादह नगरपालिका वडा नं. ४ र ५ अन्तर्गतको जग्गा दर्ता सम्बन्धी आदेश, २०८१ (यस पछि "मूल आदेश" भनिएको) को दफा ४ को,-

(१) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(ग) वि.सं. २०३४ सालमा तत्कालीन महारानी झोडा जग्गा दर्ता समितिबाट जग्गा नाप जाँच भई जग्गा दर्ता स्रेस्ता कायम रहेका र वि.सं. २०३४ साल पछाडि नेपाल सरकारबाट गठन भएका विभिन्न आयोग, समितिहरूबाट प्रचलित कानून बमोजिम जग्गा दर्ता गरी मालपोत कार्यालयबाट स्रेस्ता कार्यान्वयन भएको क्षेत्रमा अध्यावधिक नक्सा तथा दर्ता स्रेस्ता र विशेष नापी कार्यालयले गरेको नाप जाँच समेतलाई आधार लिई प्रचलित कानून बमोजिम जग्गा दर्ताको निर्णय गर्ने।"

(२) खण्ड (घ) पछि देहायको खण्ड (घ१) थपिएको छ :-

"(घ१) महारानी झोडा जग्गा दर्ता समितिले दर्ता गरेका जग्गा फरक गरी भोग गरेको वा त्यस्तो जग्गा हक हस्तान्तरण हुँदै आएको अवस्थामा हाल कायम कित्ताहरुको क्षेत्रफलको जम्मा जोड सुरू कित्ताको दर्ता स्रेस्तामा उल्लिखित क्षेत्रफल भन्दा बढी कायम नहुने गरी प्रचलित कानून बमोजिम जग्गा दर्ताको निर्णय गर्ने।"

(३) खण्ड (ङ) पछि देहायको खण्ड (च) थपिएको छ :-

"(च) वि.सं. २०२१ सालमा सुरु नापी भएको नक्सा र सोही क्षेत्रको वि.सं. २०३४ सालमा महारानी झोडा जग्गा दर्ता समितिले बनाएको नक्सामा सरकारी वा सार्वजनिक जग्गा र



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

व्यक्तिको जग्गामा भोग फरक देखिएमा जग्गा (नाप जाँच) नियमावली, २०५८ को नियम २४ बमोजिम सरकारी वा सार्वजनिक जग्गाको स्थान परिवर्तन भए पनि पहिलेको सरकारी वा सार्वजनिक जग्गाको क्षेत्रफल भन्दा नघट्ने गरी कायम गरेर मात्र व्यक्ति विशेषको जग्गा दर्ता गर्ने।"

३. **मूल आदेशको दफा १२ मा संशोधन** : मूल आदेशको दफा १२ मा रहेका "समितिको कार्य अवधि समितिले कार्य प्रारम्भ गरेको मितिले एक वर्ष सम्म हुनेछ" भन्ने शब्दहरुको सट्टा "समितिको कार्य अवधि संवत् २०८३ असार मसान्त सम्म हुनेछ" भन्ने शब्दहरु राखिएका छन्।

**आज्ञाले,**
**मदन भुजेल**
**नेपाल सरकारको सचिव ।**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.५।-
गो.हु.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।